आज मिति २०७९ साल फाल्गुन १६ गते मङ्गलवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. सहकारी ऋण कोष लगानी सम्वन्धमा
२. सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको २ कोठे भवन निर्माण सम्वन्धमा
४. चिया कफि प्रशोधन केन्द्रको इ-टेण्डर सम्वन्धमा
५. स्वास्थ्य तर्फको कर्मचारी करार सेवामा पदपूर्ती गर्ने सम्वन्धमा
६. अपाङ्गता सहायता सहजकर्ता करार सेवामा पदपूर्ती सम्वन्धमा
७. मण्डेला थ्रिएटर नेपाललाई आर्थिक सहयोग सम्वन्धमा
८. वडा नं ८ को कार्यालय भवन र आधारभूत स्वास्थ्य केन्द्रमा विजुली वत्ती जडानको रकम भुक्तानी सम्वनधमा
९. सशस्त्र प्रहरी व्यास क्याम्प भवनको इलेक्ट्रोनिक जडानको रकम भुक्तानी सम्वन्धमा
१०. वडा नं ६ को आधारभूत स्वास्थ्य केन्द्रमा विजुलि वत्ति जडान र इन्टरनेट व्यवस्थापनको रकम भुक्तानी सम्वन्धमा
११. अन्य आर्थिक सहायता सम्वन्धमा
१२. अस्पताल भवन निर्माणको रकम माग सम्वन्धमा

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ आमचोक गाउँपालिकाको सहकारी ऋणकोष संचालन कार्यविधि २०७७ वमोजिम प्रकृया पुरा गरी आवेदन दिइ सिफारिस भइ आए वमोजिम तपशिल वमोजिम सहकारी संस्थाहरुलाई आर्थिक वर्ष २०७९/८० को गाउँसभावाट विनियोजित सहकारी संस्थाहरुलाई विउ पुँजी कोषको रु.१०,००,०००। र यस आर्थिक वर्षमा सहकारी संस्थाहरुवाट चुक्ता भएको साँवा र व्याज गरी जम्मा रु. ४२,००,०००। गरी जम्मा रु.५२,००,०००। (अक्षेरुपी रु बवन्न लाख मात्र) ऋण लगानी गर्ने ।

| क्र.स. | सहकारीको नाम | ठेगाना | ऋण माँग रकम |
|---|---|---|---|
| १ | श्री हिमचुली महिला बचत तथा ऋण सहकारी संस्था लि . | आमचोक-१० | ५,००,००० |
| २ | श्री पब्लिक बचत तथा ऋण सहकारी संस्था लि. | आमचोक-४ | १५,००,००० |
| ३ | श्री सामुदायीक बचत ऋण सहकारी संस्था लि. | आमचोक-६ | ७,००,००० |
| ४ | श्री दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था लि. | आमचोक-९ | ५,००,००० |
| ५ | श्री आमचोक कृषि सहकारी संस्था लि. | आमचोक-४ | १२,००,००० |
| ६ | श्री संयुक्त शान्ति कृषि सहकारी संस्था लिमिटेड | आमचोक-३ | ३,००,००० |
| ७ | श्री एकुवा खोला चिसापानी बहुउदेश्यीय सहकारी संस्था लि. | आमचोक-९ | ५,००,००० |
| | | जम्मा | ५२,००,००० |

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ सुरक्षित नागरिक आँवास कार्यक्रमको यस आर्थिक वर्षको जम्मा वजेट रु.१७ लाख प्राप्त भएको र हालसम्म रु.६,१३,४१९। मात्र खर्च भएकोले पहिलो किस्ता भुक्तानी भइ अन्तिम किस्ता भुक्तानी हुन वाँकी लाभग्राहिहरुलाई छाना निर्माण कार्य सम्पन्न गराई स्वीकृत वजेटवाट भुक्तानी दिइ अपुग रकम माग गर्नु पर्ने भएकोले २०७९ चैत्र ७ गते सम्ममा अन्तिम किस्ता भुक्तानीको लागि कार्यक्रम लागु भएको वडाहरुवाट पठाउने ।

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भइ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माण गर्न प्राप्त Drowing मध्ये New Design को 1 Story-2 Room-Steel Structure with Steel Roof Frame को Brick Masonary मा इटा ढुवानी गर्न भौगोलिक कठिनाइका कारण समस्या हुने हुँदा Stone Masonary को प्रयोग गर्न आमचोक वडा नं १० को श्री लक्ष्मी मा.वि.पाँचा र वडा नं २ को श्री सरस्वती मा.वि.यूँवाट प्राप्त आवेदन अनुसार स्वीकृत दिने ।

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ आमचोक गाउँपालिकाको कार्यालय,बालंखा,भोजपुरलाइ प्रदेश सरकार कृषि मन्त्रालयवाट चिया प्रशोधन पूर्वाधार निर्माण गर्नको लागि रकम विनियोजन भएको र यस गाउँपालिकाको कार्यालयबाट परामर्श सेवा खरिद गरी

प्रमुख प्रशासकीय अधिकृत २०७९/११/१६

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अध्यक्ष

अरनीको कन्सल्टेन्ट एण्ड स्ट्रक्चर डिजाइन प्रा.लि.विर्तामोड झापा चिया प्रशोधन भवन निर्माणको डि.पि.आर तयार उक्त कार्य को लागि "चिया प्रशोधन केन्द्र भवन निर्माण " का लागि जम्मा लागत रु.५७९२२९९२। (अक्षेरुपी पाँच करोड वयानव्वेलाख उनन्तिसहजार वयानव्वे मात्र ) स्वीकृत गरी हालको लागि अतिआवश्यक संरचनाको लागी तपशिल वमोजिम जम्मा रु.२,०४,०२,७१९.६९।(दुइ करोड चारलाख दुइहजार सातसय उन्नाइस रुपैंया उनन्सत्तरी पैसा) को मात्र ई-टेण्डर गर्ने ।

- Civil+Sanitary+Electrical=A Rs. 16704632.88
- PS Items=B Rs. 190113.90
- A+B=C Rs.16894746.78
- Vat @ 13% Of A=D Rs. 2171602.27
- C+D=E Rs. 19066349.05
- Contigencies @ 3% of A Rs. 501138.99
- Physical Contingencies @ 5% of A Rs. 835231.64
- Grand Total Rs. 20402719.69

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भइ स्वास्थ्य तर्फ १ जना अ.न.मी. र १ जना हेल्थ असिस्टेन्टको दरवन्दी रिक्त रहेकोले स्वास्थ्य तर्फ शसर्त अनुदानवाट तलव भत्ता पाउने गरी करार सेवामा पदपूर्ति गर्ने ।

**निर्णय नं.६**
प्रस्ताव नं ६ माथि छलफल भइ प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन कार्यविधि,२०७९ वमोजिम अपाङ्गता सहायता सहजकर्ता ( Disability Support Facilitator-DSF) करार सेवामा पदपूर्ती गर्ने

**निर्णय नं.७**
प्रस्ताव नं ७ माथि छलफल भइ नेपालका प्राचिन तथा आदिवासी रैथाने समुदाय भनेर चिनिने राई,लिम्वु,याक्खा,सुनुवार,सुरेल,जिरेल र थामी आदिको मिथकिय कथामा आधारित सास्कृतिक आस्थाको धरोहर खुवालुङको कथामा आधारीत खुवालुङ नाटक मञ्चनको लागि मण्डेला थ्रिएटर नेपालले आर्थिक सहायता माग भएकोले रु.५००००। (अक्षेरुपी पचासहजार मात्र ) नेपाल सरकार राजश्व अनुदानको अन्य सहयाता शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.८**
प्रस्ताव नं ८ माथि छलफल भइ आमचोक गाउँपालिका वडा नं ८ को कार्यालय भवन र आधारभूत स्वास्थ्य केन्द्र दिंलापुमा विजुलि वत्ति जडान र पानी व्यवस्थापन गर्दा भएको खर्च रु.११८५९ ।(अक्षेरुपी एघारहजार आठसय उनन्साठी मात्र) विल भर्पाइ प्राप्त भएकोले नपाल सरकार राजश्व अनुदान अन्तर्गत अन्य कार्यालय संचालन शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.९**
प्रस्ताव नं ९ माथि छलफल भइ सशस्त्र प्रहरी व्यास क्याम्प यूको भवनको इलेक्ट्रोनिक सामान जडान भएको खर्च विल भर्पाई सहित माग भइ आएकोले नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट जम्मा रु.५००००।(अक्षेरुपी रु.पचासहजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.१०**
प्रस्ताव नं १० माथि छलफल भइ आमचोक गाउँपालिका वडा नं ६ को आधारभूत स्वास्थ्य केन्द्र मा विजुलि वत्ति जडान र इन्टरनेट व्यवस्थापन गर्दा भएको खर्च रु.४३३२१ ।( अक्षेरुपी त्रिचालिस हजार तिनसय एक्काइस मात्र) को विल भर्पाइ र वडा कार्यालयको सिफारिस प्राप्त भएकोले स्थानीय तहका स्वास्थ्य चौकी ,प्रा स्वा के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महंगि भत्ता स्थानिय भत्ता पोशाक लगायत प्रशासनिक खर्च अन्तर्गत स्वास्थ्य संस्थाहरुमा internet महशुल जडान शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.११**
प्रस्ताव नं ११ माथि छलफल भइ आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराउने ।

(क)आमचोक ९ निवासी युवराज मगरको छोरी अनु मगर मुटुको सिकिस्त विरामी भइ घोपा क्याम्प धरानमा आइसियूमा उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

(ख)आमचोक ५ निवासी आशिस राईको मष्तिवसमा रगत जमी सिकिस्त विरामी भइ घोपा क्याम्प धरानमा आइसियूमा उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बालुवा, भोजपुर

अशोक राई
अध्यक्ष

(ग) आमचोक ९ निवासी ईन्द्र मगरको पौग २४ गते भान्सा घर जलेर एकलाख पचास हजार क्षति भएको वडाको सिफारिस र प्रहरीको सर्जिमन मुचुल्का प्राप्त भएको र आर्थिक अवस्था कम्जोड भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

(घ) आमचोक ९ निवासी ईन्द्र मगरको पौष २४ गते भान्सा घर जलेर एकलाख पचास हजार क्षति भएको वडाको सिफारिस र प्रहरीको सर्जिमन मुचुल्का प्राप्त भएको र आर्थिक अवस्था कम्जोड भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

(ङ) आमचोक ६ पात्लेपानी निवासी रमेश पौडेलको मिति २०७९ भाद्र १९ गतेका दिन विद्युतको लाइन सट भई चरणमा चरिरहेको चौपायाहरुको मृत्य भएको र निजको आर्थिक अवस्था कम्जोड भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

(च) आमचोक ८ निवासी दल वहादुर मागरको श्रीमती मनिषा मगर रुखवाट लडेर दुइवटा हात र खुट्टा भाचिएको र उपचार गर्नको लागि आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

**निर्णय नं.१२**

प्रस्ताव नं १२ माथि छलफल भइ यस गाउँपालिकामा निर्माणाधिन १० व्याडको अस्पताल भवनको लागि वजेट माग गरिएको तर हालसम्म पनि थप वजेट नआएकोले निर्माण व्यवशायीले काम गर्न नसक्ने भनि ताकेता गरिरहेकोले पुन संघीय सरकार अर्थ मन्त्रालयमा रु.२,५०,००,०००। (दुइकरोड पचासलाख मात्र) वजेट माग गरि पठाउने ।

२०७९/११/१६
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
नेपाल

२०७९/११/१६
अशोक राई
अध्यक्ष